

# दोर्दी-१ जलविद्युत खबर

आयोजनाको सुरुङ्ग

आषाढ २०७५, अंक १९

## आयोजनाको हालको निर्माण अवस्था

दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडले जेष्ठ १८, २०७५ मा मेगा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा.लि. सँग आयोजनाको हाइड्रो-मेकानिकल निर्माण कार्यको लागि सम्झौता गरेको छ । यस आयोजनाको कुल ३२०० मिटर लामो जलमार्ग मध्ये २५२० मिटर सरुङ्ग रहेको छ । उक्त सुरुङ्गको Inlet तर्फ Portal निर्माण कार्य सम्पन्न गरी विस्फोटन कार्य धमाधम भइरहेको छ भने Outlet तर्फको Portal निर्माण कार्य अन्तिम चरणमा रहेको छ । साथै श्रावण महिनाको पहिलो हप्ता भित्र Outlet तर्फबाट पनि Blasting कार्य सुरु गर्ने आयोजनाको लक्ष्य रहेको छ ।

गत जेष्ठ महिनाको अन्तिम सम्म १०४.८ मिटर सुरुङ्ग निर्माण गरिसकेको आयोजना टिमले असार मसान्त भित्र १८० मिटर सुरुङ्ग निर्माण गरिसकेको छ । सुरुङ्ग निर्माण स्थलमा हाल दैनिक १–२ विस्फोट भइरहेको छ भने प्रतिदिन सरदर ३–४ मिटरले सुरुङ्ग निर्माण भइरहेको छ ।

Drilling र Blasting प्रक्रियाबाट निर्माण हुने उक्त सुरुङ्गको Inlet र outlet दुबै तर्फबाट विस्फोटन सुरु भए लगत्तै दैनिक ३–४ विस्फोटन गरिने र प्रतिदिन ५–६ मिटर सम्म सुरुङ्ग खन्ने आयोजनाले लक्ष्य राखेको छ ।




आयोजना सुरुङ्ग निर्माणको हाल सम्मको अवस्था



सुरुङ्ग outlet निर्माण कार्य हुदैं

*“ असार मसान्त भित्र १८० मिटर सुरुङ्ग निर्माण सम्पन्न ”*



हेवर्क्सको सुरक्षाको लागि निर्माण गरिएको ग्याबियन वाल

नेपाल विद्युत प्राधिकरणका अधिकारीहरुको भनाई अनुसार निकट भविष्यमा नेपाल विद्युत प्राधिकरणले सवस्टेसन निर्माण गर्नका निम्ति निर्माण कम्पनीलाई साइट हस्तान्तरण गर्ने भएको छ ।

यस आयोजना निर्माणका क्रममा दोर्दी गाउँपालिकाका स्थानीय प्रशासन र स्थानीय बासिन्दाहरुबाट पूर्ण साथ र सहयोग प्राप्त भइरहेको छ।

*"निकट भविष्यमा नेपाल विद्युत प्राधिकरणले सवस्टेसन निर्माण गर्नका निम्ति निर्माण कम्पनीलाई साइट हस्तान्तरण गर्ने"*

हेडवर्क्स क्षेत्रमा रहेको Desander Excavation कार्य सुरु भइसकेको छ र हेडवर्क्सको सुरक्षाको लागि ग्याबियन वाल निर्माण गर्ने कार्य पनि भइरहेको छ ।

इलेक्ट्रोमेकानिकल कार्यका लागि प्राप्त भएका प्रस्तावहरुको हाल आर्थिक तथा प्राविधिक मूल्याङ्कन भइरहेको छ । श्रावण महिना भित्र नै इलेक्ट्रोमेकानिकल कार्यको लागि निर्माण कम्पनी नियुक्त गर्ने आयोजनाको लक्ष्य रहेको छ ।

दोर्दी–१ जलविद्युत आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रसारण लाइनमा जोड्नका लागि दोर्दी कोरिडोर प्रसारण लाइन र किर्तिपुरमा नेपाल विद्युत प्राधिकरणद्वारा बनाउनु पर्ने सवस्टेसनको ठेक्का प्रक्रिया सकेर विस्तृत सर्भेको कार्य समेत भइसकेको छ।



डिस्याण्डर निर्माण कार्य सुरु


दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड
DORDI KHOLA HYDROPOWER
ESTD. 2066

**सम्पादक:पार्वती पराजुली**

**दोर्दी खोला जल विद्युत कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर ,काठमाडौं**

**फोन न: ९७७-१-४२३२७४८, ४२३२७४९,**

**ईमेल :info @dordikhola.com.np**

**वेबसाइट: www.dordikhola.com.np**